विद्युत उत्पादन कम्पनी लिमिटेड

Vidhyut Utpadan Company Limited

# मौजुदा सूचीमा समावेशको लागि निवेदन पेश गर्ने सम्बन्धि सूचना

**(सूचना नं. VUCL/01/2081/082)**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०७)**

विद्युत उत्पादन कम्पनी लिमिटेडका लागि **आर्थिक वर्ष** २०८१/०८२ मा आवश्यक पर्ने देहाय बमोजिमका सामग्री आपूर्ति, निर्माण कार्य तथा परामर्श सेवाहरु उपलब्ध गराउने प्रयोजनार्थ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६(क) तथा विद्युत उत्पादन कम्पनी लिमिटेडको खरिद विनियमावली,२०७७ को विनियम २५ बमोजिम मौजुदा सूची अद्यावधिक गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त फर्म, निर्माण व्यवसायी,आपूर्ति कर्ता, परामर्शदाता कम्पनी एबं संस्थाहरु र दर्तावाला ईच्छुक व्यक्तिहरुबाट फर्म, दर्ता र नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.क. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको छायाँप्रति र व्यक्तिको हकमा विस्तृत बायोडाटा सहित संलग्न निवेदनको ढाँचामा मौजुदा सूचीमा दर्ताका लागि निवेदन पेश गर्न यो सूचना जारी गरिएकोछ । रित नपुगी आएका निवेदनलाई मान्यता नदिने एबं प्राप्त दरखास्तहरु सूचिकृत गर्ने वा नगर्ने अधिकार कम्पनीमा रहनेछ ।

## (क) मालसामान खरिद आपूर्ति :-

कुनै चल वा अचल, सजीव वा निर्जीव जुनसुकै किसिमको वस्तु र त्यस्तो वस्तु आपूर्ति गर्ने कार्यहरु जस्तैः-

१) मसलन्द तथा कार्यालय सामानको एबं छपाई सम्बन्धि कार्य

२) मेसिनरी उपकरण

३) फर्निचर तथा फर्निसिंग

४) गाडी तथा मोटरसाईकलको पार्टपुर्जा

५) सवारी साधन आपूर्ति

६) उल्लेख नभएको अन्य मालसामान खरिद तथा आपूर्ति

## (ख) निर्माण कार्य :-

कुनै पनि भौतिक संरचना निर्माण वा जडान गर्ने, पुनः निर्माण गर्ने, भत्काउने, पुनर्स्थापना गर्ने, मर्मत सम्भार गर्ने वा जीर्णोद्धार गर्ने कार्य वा सोसँग सम्बन्धित निर्माण स्थल तयार गर्ने,खन्ने, ड्रीलिंग गर्ने, ठड्याउने, बनाउने, उपकरण वा जडान गर्ने जस्ता विभिन्न प्रकृतिका निर्माण कार्यहरु ।

BPC Building, Rudramati Marg,
Buddhanagar, Kathmandu-10, Nepal
Tel. : 977-1-4788680 | Post Box No: 19752

(ग) **परामर्श सेवा :-**

कुनै अध्ययन , अनुसन्धान, सर्वेक्षण, डिजाइन, ड्रइंग, परिवेक्षण, तालिम, परिवेक्षण गर्ने काम, सफ्टवेयरको विकास प्रविधि, विद्युत प्रसारण, लेखा, बैकिंग ,कम्प्युटर, कानूनी आदि विषयका विज्ञबाट प्रदान गरिने सेवा खरिद वा कुनै प्राविधिक वा प्रशासनिक वा कानूनी आदि सुझाव दिने वा यस्ता प्रकृतिका अन्य बौद्धिक वा पेशागत सेवाहरु जस्तै :-

१) विभिन्न योजनाको सर्भे डिजाइन, लागत अनुमान, नक्साङ्कन, तथा विस्तृत आयोजनाको प्रतिवेदन तयारी लागतका ईन्जिनियरिङ्ग परामर्श सेवा

२) तालिम सम्बन्धि परामर्श सेवा

३) विज्ञहरुको परामर्श सेवा (अनुसूची-१मा संलग्न)

४) सफ्टवयर तथा हार्डवेयर निर्माण तथा जडान

५) सूचना प्रविधि समन्धि विभिन्न सेवाहरु

**(घ) अन्य सेवाः-**

सवारी साधन,उपकरण वा मालसामान भाडामा लिने, दुवानी गर्ने, वा मालसामान मर्मत सम्भार गर्ने, घर भाडामा लिने कार्य, प्रचारप्रसार सामग्रीहरु तयार गर्ने प्रकाशन वा प्रसारण गर्ने, प्रकाशित गर्ने डिजाइन गर्ने वा कम्पनीलाई आवश्यक पर्ने अन्य सेवा प्राप्त गर्ने कार्यहरु जस्तैः-

१) सवारी साधन तथा पाटपुर्जा मर्मत
२) गाडी भाडामा दिने सम्बन्धि कार्य
३) कम्प्युटर ,फोटोकपी मेसिन,प्रिन्टर ,टेलिफोन लागत इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल उपकरण मर्मत
४) इन्टरनेट/वेबसाइट सम्बन्धि सेवा
५) सूचना प्रकासन गर्ने
६) श्रव्य दृश्य सामग्री
७) हवाई टिकेट
८) सरसफाई सेवा
९) पिउने पानी आपूर्ति
१०) पत्र पत्रिका तथा पुस्तक आपूर्ति
११) तालिम / सम्मेलन व्यवस्थापन सम्बन्धि
१२) उल्लेख नभएका अन्य सेवाहरु ।

**निवेदन पेश गर्ने प्रक्रीया :-** उल्लेखित विषयहरु मध्ये आफु सुचिकृत हुन चाहेको विषय अनुसूची-२ मा संलग्न निवेदनमा स्पस्टरुपमा खुलाई तोकिए बमोजिमका कागजात सहित सोझै कम्पनीको कार्यालय बिपिसी भवन, बुद्धनगर, काठमाडौंमा कार्यालय समय भित्र बुझाउन वा कम्पनीको इमेलः- **procurement@vucl.org** मा आवश्यक कागजात PDF Format मा पठाउन सकिनेछ ।

# बिज्ञहरुको सूची (Roster) मा सूचीकृत हुन निबेदन दिने सम्बन्धी सूचना

## (अनुसूची -१)

## (प्रकाशित मितिः२०८१।०४।०७)

यस कम्पनीद्वारा निर्माण गरिने विभिन्न जलविद्युत आयोजनाहरुको प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय पक्ष लगायत कम्पनीले सम्पादन गर्ने अन्य कार्यहरुको सिलसिलामा अध्ययन, अनुसन्धान, मूल्यांकन एवं विश्लेषण गर्ने कार्यका लागि सम्बन्धित विषयको विज्ञहरुलाई सूचीकृत गरी परामर्श सेवा लिने/खरिद गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा विद्युत उत्पादन कम्पनी लिमिटेडको खरिद विनियमावली, २०७७ को विनियम २५ बमोजिम मौजुदा सूचि अद्यावधिक गर्नु पर्ने भएकोले विज्ञहरुको सूची (Roster) तयार गर्ने सन्दर्भमा योग्यता पुगेका ईच्छुक व्यक्तिले निम्नानुसारको विवरण सहित यस कम्पनीमा आईपुग्ने गरी निबेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

**क) सूचीकृत गरिने विषयः**

**Specialist: Engineers** Hydropower Engineer, Dam Engineer, Powerhouse Engineer, Surveyor, Geotechnical Tunnel Engineer, Hydrologist, Hydraulic Engineer, Highway/ Transportation Engineer, Environmental Engineer, Highway Engineer, Structural Engineer, Electrical Engineer, Transmission Line Engineer, Power System Engineer, Electro-mechanical Engineer, Mechanical Engineer, Hydro Mechanical Engineer, Construction Planner, Civil Engineer, Contract Expert, Architect, IT (Software, Hardware, Network, Communication), Project Management Expert or Equivalent.

**Specialist Non-Engineer:** Geologist, Engineering Geologist, Geo-Physical, Seismologist, Hydrologist, Financial Analyst, Environment Expert, Sociologist, Anthropologist, Zoologist, Botanist, EMP Expert, Resettlement Expert, Legal Expert, Management Expert, Project Management Expert or Equivalent.

**ख) योग्यताः**

१) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सोही विषयमा निरन्तररुपमा हालसम्म कार्यरत रही कम्तीमा १० (दश) बर्षको कार्य अनुभव भएको ।

२) माथि उल्लेखित योग्यता पुगेका नेपाली नागरिक वा गैर आवशीय नेपाली वा नेपालमा कार्य गर्न नेपाल सरकारबाट ईजाजत प्राप्त गरी कार्य गर्न सक्ने बिदेशी नागरिक विज्ञ सूचीमा सूचीकृत हुन सक्ने छन् ।

**ग) संलग्न गरिनु पर्ने कागजातहरुः**

१) व्यक्तिगत विवरण (Bio-data) दस्तखत सहित।

२) नेपाली नागरिकताको प्रतिलिपी (गैर आवशीय नेपाली र बिदेशीको हकमा राहदानीको प्रतिलिपी)।

३) स्थायी लेखा नम्बर वा मु.अ.कर दर्ता प्रमाणपत्रको छायांप्रति (नेपाली नागरिकको हकमा)।

**घ) निबेदन बुझाउने स्थान र प्रकृयाः**

- उल्लेखित विषयहरु मध्ये आफू सूचीकृत हुन चाहेको विषय निवेदनमा स्पष्टरुपमा खुलाई तोकिए बमोजिमका आवश्यक कागजात सहित सोझै कम्पनीको कार्यालय बिपिसी भवन, बुद्धनगर, काठमाडौंमा कार्यालय समयभित्र बुझाउन सकिनेछ वा कम्पनीको ईमेलः procurement@vucl.org मा आवश्यक कागजात PDF Format मा पठाउन सकिनेछ ।
- योग्यता पुगेका व्यक्तिले एक वा सोभन्दा बढी विषयमा समेत निबेदन दिन सक्नेछन्।

प्राप्त निबेदन उपर अध्ययन गरी विज्ञको सूचीमा समावेश गर्ने वा नगर्ने अन्तिम अधिकार कम्पनीमा सुरक्षित रहने छ। यस सम्बन्धी थप जानकारीको लागि कम्पनीको कार्यालय बिपिसी भवन, बुद्धनगर, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न वा कम्पनीको फोन नं. ०१-४७९८६८० वा ईमेलः procurement@vucl.org , info@vucl.org बाट जानकारी प्राप्त गर्न सकिनेछ।

अनुसूची-२

श्रीमान प्रमुख कार्यकारी अधिकृतज्यू, मिति २०.../...../

विद्युत उत्पादन कम्पनी लिमिटेड ।

बुद्धनगर-१० काठमाडौं

**विषय : मौजुदा सूचीमा दर्ता गरी पाऊँ ।**

विद्युत उत्पादन कम्पनी लि.को खरिद विनियमावली २०७७ को ,विनियम २५को , उपविनियम (२) बमोजिम तपशिलमा उल्लिखित विवरण अनुशर पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुद सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

**तपशिल**

| | |
|---|---|
| १.मौजुदा सूचिको लागि निवेदन दिने व्यक्ति ,संस्था ,आपूर्तिकर्ता ,निर्माण व्यवसायी ,परामर्शदाता वा सेवा प्रदायकको विवरण : | |
| क. नाम : | ख. ठेगाना : |
| ग. पत्राचार गर्ने ठेगानाः | घ. मुख्य व्यक्तिको नामः |
| ङ. टेलिफोन नं. | च. मोबाईल नं. |
| **२ मौजुदा सूचीमा दर्ता हुनको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला**<br>**अ) संस्थागत निवेदनको लागिः-** | |
| क. संस्था वा फर्म दर्ताको प्रमाण पत्र ख.नवीकरण गरिए को<br>ग.मूल्य अभिवृद्दी कर वा स्थीयी लेखा नम्बर दर्ता प्रमाणपत्र घ . क चुक्ताको प्रामाणपत्र<br>ङ .स्थानीय तहमा दर्ता /नवीकरण गरिएको<br>च. मौजुदा सूचीमा दर्ता हुनचाहेको खरिदको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को समेत प्रतिलिपि<br>**आ) व्यक्तिगत निवेदकको लागिः-**<br>क.व्यक्तिगत विवरण (Bio-data) दस्तखत सहित ।<br>ख. नेपाली नागरिकताको प्रतिलिपि (गैर आवाशीय नेपाली र बिदेशीको हकमा राहदानीको प्रतिलिपि)।<br>ग. स्थायी ल्लेखा नम्बर वा मु.अ.कर दर्ता प्रमाण पत्रको छायाँप्रति (नेपाली नागरिकको हकमा)<br>**३.कम्पनीबाट आ.व.२०८१/८२ मा हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरण :** | |
| (क)मालसामान आपूर्ति :(मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | (ख) निर्माण कार्य : (निर्माण कार्यको प्रकृति उल्लेख गर्ने) |
| (ग) परामर्श सेवा :(परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | (घ) अन्य सेवाः (अन्य सेवाको प्रकृति उल्लेख गर्ने) |
| निवेदकको नाम : | फर्मको छाप : |